# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८१/०८२
च.नं: 3263

मितिः२०८२।०१।१५

श्री वडा कार्यालयहरु सबै।
श्री विषयगत शाखाहरु।
सरुमारानी गाउँपालिका, प्यूठान।

बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा।

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०१।१० गतेको बसेको कार्यपालिका बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

.................... २०८२/१/१२
(त्रिविक्रम खड्का)
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np
Email sarumarani2073@gmail.com

CamScanner

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८२।०१।१० गतेका गाउँकार्यपालिकाको सन्ताउनौ बैठकका प्रस्तावहरु:**

१. प्रगती समिक्षा सम्बन्धमा ।
२. प्रदेश समपुरक अनुदान योजनाको प्रस्ताव सम्बन्धमा ।
३. प्रदेश विशेष अनुदानको प्रस्ताव सम्बन्धमा ।
४. भुउपयोग योजनाको मस्यौदा माथि छलफल सम्बन्धमा ।
५. LISP परियोजना स्वीकृतको जानकारी सम्बन्धमा ।
६. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
७. WASH योजना स्वीकृत सम्बन्धमा ।
८. सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रममा सहकार्य सम्बन्धमा ।
९. सिचाईको लागि स्यालोटयूवेल माग गर्ने सम्बन्धमा ।
१०. विपद् प्रभावित व्यक्तिहरुको लागि सहयोग सम्बन्धमा ।
११. विविध

- सूचना प्रविधि अधिकृतको पद/तह सम्बन्धमा ।
- दोश्रो सार्वजनिक सुनुवाई सम्बन्धमा ।
- श्रोतकेन्द्रमा ईनार निर्माण सम्बन्धमा ।
- नागरिक सुरक्षित आवास कार्यक्रम सम्बन्धमा ।
- बाखखोर सुधार कार्यक्रमको म्याद थप सम्बन्धमा ।
- सशत्र प्रहरी वलको QRT भवन निर्माण सहयोग सम्बन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

**बैठक संख्या-५७**
**गाउँकार्यपालिकाको छपन्नौ बैठकका निर्णयहरु**
**मितिः २०८२।०१।१० गते**

**निर्णय नं. १ प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।१२।३१ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

**निर्णय नं. २ प्रदेश समपुरक अनुदान योजनाको प्रस्ताव सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१।१२।२९ गते प्रकाशित सूचना अनुसार आ.व. २०८२।०८३ का लागि प्रदेश समपुरक अनुदान योजना अन्तरगत तपशिल बमोजिमका योजनाहरुको प्रस्ताव पेश गर्ने र समपुरक योजनाको लागि गाउँपालिकाले ब्यहोर्नु पर्ने ५० प्रतिशत साझेदारी रकम ब्यहोर्ने प्रतिवद्धता व्यक्त गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | कुल बजेट | गाउँपालिकाको साझेदारी रकम रु. | समपुरक अनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | नर्सरी आटीटार वडा कार्यालय छात्रावास सडक कालोपत्रे योजना | २,००,५०,००० | १,००,५०,००० | १,००,००,००० | दुई बर्षे |
| २ | कृषि सिचाई पूर्वाधार आयोजना | २,००,५०,००० | १,००,५०,००० | १,००,००,००० | दुई बर्षे |

**निर्णय नं. ३ प्रदेश विशेष अनुदानको प्रस्ताव सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयको मिति २०८१।१२।२९ गते प्रकाशित सूचना अनुसार आ.व. २०८२।०८३ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत तपशिल बमोजिमका कार्यक्रम/योजनाहरुको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | कुल बजेट | विशेष अनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जुकेपानी गुरासिनी लिफ्ट खानेपानी योजना विस्तार वडा नं. ६ | ४०,००,०००/- | ४०,००,०००/- | सालबसाली |
| २ | हिउदे/बसन्ते मकैवाली, कोदो र फापर खेती प्रवर्द्धन कार्यक्रम | ५३,७५,०००/- | ४०,००,०००/- | रु. ८,५३,६००/- उपभोक्ता सहभागिता |

**निर्णय नं. ४ भुउपयोग योजनाको मस्यौदा माथि छलफल सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय भु-उपयोग परिषदबाट यस सरुमारानी गाउँकार्यपालिकाको बैठकमा छलफलका लागि पेश भएको भुउपयोग योजना, २०८१ लाई स्वीकृत गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५ LISP परियोजना स्वीकृतको जानकारी सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (विकास समन्वय शाखा) को च.न. ४२४ मिति २०८१।१२।३१ को पत्र अनुसार स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP संचालनको लागि यस गाउँपालिका छनौट भएको ब्यहोरा जानकारी भयो।

**निर्णय नं. ६ नागरिक सुरक्षित आवास कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा संघीय सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आ.ब. २०७७/०७८ मा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७।११।११ गते र २०७८/३/२५ गतेको बैठकबाट स्वीकृत/संशोधित २०० घरधुरी मध्ये ९६ घरधुरीहरुमा सुरक्षित नागरिक आवास कार्यक्रमबाट जस्तापाता लगाईएको, ४८ घरधुरीहरुमा गाउँपालिकाको आफ्नै बजेटबाट र ५२ ब्यक्तिगत लगानीले घरहरुमा जस्तापाता लगाई सकिएकोले पुरानो २०० घरधुरी मध्ये बाकी रहेका ४ घरधुरीमा यस बर्ष जस्तापाता लगाई साविकको २०० घरधुरीहरुमा जस्ता पाता लगाउने काम सम्पन्न हुने भएकोले चालू आ.ब. २०८१।०८२ मा विनियोजित बजेटबाट कार्यक्रम कार्यान्वयन भई बाकी रहेको रकमबाट चालु आ.ब. मा नै कार्यान्वयन हुने गरी नयाँ तपशिलका १४ लाभग्राही घरधुरी छनौट गरी सुरक्षित नागरिक आवास समन्वय समिति र संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय घोराही दाङ्गमा स्वीकृतको लागि माग गर्ने र आगामी आ.ब. देखि कार्यान्वयन हुनेगरी वडाहरुबाट माग भए अनुसार १२८ घरधुरी लाभग्राहीहरु (वडान. १ का २७ घरधुरी, वडा नं.२ का १४ घरधुरी, वडा नं.३ का २१ घरधुरी वडा नं. ५ का २६ घरधुरी र वडा नं. ६ का ४० घरधुरी लाभग्राही) को छनौट गरि विवरण/फारम सहित संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय घोराही दाङ्ग र सुरक्षित नागरिक आवास समन्वय समितिमा स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

<u>तपिशल</u>

चालु आ.ब. मा नै कार्यान्वयन हुने गरी नयाँ थप घरधुरीको विवरण ।

| क.सं. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | कुल बहादुर पुन | सरुमारानी-४, छतिवन | ९८०९७१६३११ |
| २ | हुम बहादुर नेपाली | सरुमारानी-४, उपल्लो बड्डाँडा | ९८१०८६२८११ |
| ३ | विमला कामी | सरुमारानी-४, उपल्लो बड्डाँडा | ९८२९८०२२६० |
| ४ | गिता कुमारी नेपाली | सरुमारानी-४, उपल्लो बड्डाँडा | ९८१२८२३४७८ |
| ५ | [illegible] बहादुर पुन मगर | सरुमारानी-४, छतिवन | ९८२९८८१८६५ |

त्रिविक्रम बुढा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ६ | मिना पल्ली | सरुमारानी-४,बेलडाँडा | ९७००४७२६६३ |
| ७ | गोर बहादुर घर्ति मगर | सरुमारानी-४,अम्मरे | |
| ८ | अनाराम नेपाली | सरुमारानी-४,केवारपानी | |
| ९ | चुमा पुन | सरुमारानी-४,डाङ्गसिङ्ग | ९८६५२८११९२ |
| १० | मति पुन मगर | सरुमारानी-४, छतिवन | ९७६८३६३५१७ |
| ११ | यम बहादुर बुढा | सरुमारानी-४, छतिवन | ९८०३५५३८८४ |
| १२ | यक बहादुर पुन | सरुमारानी-४, छतिवन | ९७६५८४५४४९ |
| १३ | कुमारी भण्डारी | सरुमारानी-४, छतिवन | ९७६९२६३०६३ |
| १४ | नर सिं पुन मगर | सरुमारानी-४, छतिवन | ९७६४१९७०१० |

**निर्णय नं. ७ WASH योजना स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकार, शहरी विकास तथा खानेपानी मन्त्रालयको (WASH) प्राविधिक सहयोगमा तयार पारिएको यस गाउँपालिकाको दश बर्षे खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) योजना, २०८१ (सन २०२५-२०३५) निर्माण कार्य सम्पन्न भएकोले स्विकृत गर्ने निर्णय गरियो ।साथै उक्त **WASH योजना** प्रत्येक बर्ष अद्यावधिक गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं. ८ सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रममा सहकार्य सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा International Scout Volunteers Group Nepal ले यस गाउँपालिकामा सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रम संचालनको लागि सहकार्य र सहयोगको लागि अनुमति माग भएकोले उक्त संस्थालाई यस गाउँपालिकालाई आर्थिक दायित्व सृजना नहुने शर्तमा कार्यक्रम संचालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ सिंचाईको लागि स्यालोटयूववेल माग गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ र २ मा कृषिउत्पादन योग्य जमिन प्रशस्त भएको र यहाँ बर्षे बालिका अलवा हिउदे वाली उत्पादन र तरकारी खेतीको प्रचुर संभावना भएता पनि सिंचाई अभावमा कृषि उत्पादन हुन नसकेको र यि दुवै वडाहरुमा ईनारबाट खानेपानी प्राप्त भईरहेको र स्यालोटयुववेल मार्फत सिचाईको लागि संभावनाको सफल परिक्षण भई सकेकोले लुम्विनी प्रदेश सरकार सिचाई मन्त्रालयमा आगामी आ.व. २०८२।०८३ देखी स्यालोटयूवेल मार्फत सिंचाई योजना संचालनको लागी माग गर्ने निर्णय गरियो ।

त्रिविक्रम बुढा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १० विपद् प्रभावित व्यक्तिहरुको लागि सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा

क) यस बर्षको हावाहुरीका कारण तपशिलका व्यक्ति/संस्थाहरुको घरको छाना हावा हुरीले उडाई क्षति पुगेकोले प्राविधि नापजाचका आधारमा विपद व्यवस्थापन कोष शिर्षकबाट कार्यालयले जस्तापाता खरिद गरी वा नगद उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | नाम ठेगना | क्षतिको विवरण | कैफियत |
|---|---|---|---|
| १ | सरस्वती सामूदायिक वन उपभोक्ता समूंह वडा न. २ | मिति २०८१।१२।२७ गते रातीको हावा हुरीले भवनको जस्तापाताको छाना उडाई काम नलाग्ने भएको । | जस्तापाता र किलाकाटी खरिद गरी दिने |
| २ | सिविदेवी कुवर वडा नं. २ भुल्के | मिति २०८१।१२।९ गतेको हावा हुरीले घरभवनको जस्तापाताको छाना उडाएकोले उक्त घरको छाना मर्मत तथा छाउनको लागी आर्थिक सहयोग । | रु.१०,०००/- |
| ३ | नम बहादुर कवर वडा नं. २ भुल्के | मिति २०८१।१२।२७ गतेको हावा हुरीले घरभवनको जस्तापाताको छाना उडाएकोले उक्त घरको छाना मर्मत तथा छाउनको लागि आर्थिक सहयोग । | रु.१०,०००/- |

**ख) तेश्रो किस्ता रकम माग सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा २०७९ असोजको अविरल वर्षाका कारण विपद प्रभावित मध्ये घर निर्माण सम्पन्न गरेका वडा नं. ६ का ३ वटा घरधुरी (खड्क बहादुर पुन मगर, मोहन बहादुर पुन मगर र हस्त बहादुर बुढामगर) का लाभग्राहीहरुको पहिलो र दोश्रो किस्ता रकम निकासा भएको र अन्तिम किस्ता रकम निकासा बाकी रहेकोले नियमानुसार गाउँपालिकाले ब्यहोर्नु पर्ने रकम यस गाउँपालिकाको प्रकोप ब्यवस्थापन कोष शिर्षकबाट भुक्तान गर्ने र जिल्ला प्रशासन कार्यालयमा अन्तिम किस्ता रकम निकासाको लागि पूनः माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ विविध सम्बन्धमा ।**

- **सूचना प्रविधि अधिकृतको पद/तह र सेवा सुविधा सम्बन्धमा ।**

  संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ( प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम) को च.न. २४२ मिति २०८१।११।२३ को पत्र अनुसार यस गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतको पद अधिकृत स्तर सातौ तह कायम गरी नियमानुसारको तलवभत्ता, चाडपर्व खर्च, पोशाक र स्थानीय भत्ता लगाएतका सुविधा मिति २०८२ बैशाख १ गते देखी लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

- **दोश्रो सार्वजनिक सुनुवाई सम्बन्धमा ।**
  यस गाउँपालिकाको चालू आ.ब. को दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ बैसाख २३ गते गर्ने निर्णय गरियो।
- **श्रोत केन्द्रमा ईनार निर्माण सम्बन्धमा ।**
  यस गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि तथा पशुपंक्षि स्रोत केन्द्र शिर्षक अन्तरगत अन्य विविध काम तथा संचालन खर्चहरु शिर्षकबाट प्राविधिक लागत स्टिमेट अनुसार स्रोत केन्द्रमा ईनार/कुवा निर्माण गर्ने निर्णय गरियो ।
- **बाखाखोर सुधार कार्यक्रमको म्याद थप सम्बन्धमा ।**
  यस गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा संचालित बाखखोर सुधार कार्यक्रमको लागि आवश्यक पर्ने काठ सामुदायिक वनहरुले काठ निकासी ढिलो गरि खुलाएकोले संझौता अवधिमा निर्माणकार्य सम्मपन्न गर्न कठिन भएकोले २०८२ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।
- **सशत्र प्रहरी वलको QRT भवन निर्माण सहयोग सम्बन्धमा ।**
  सशत्र प्रहरी वल, नेपाल आश्रित गुल्म प्युठानको मिति २०८१।११।२१ च.न. २९८ को पत्र अनुसार प्युठान जिल्लाको शान्ति सुरक्षा तथा विपद उद्वार कार्यमा परिचालन हुने अवस्थामा तयारी हालतमा राख्नको लागि QRT ब्यारेक निर्माण भईरहेको हुदाँ उक्त QRT ब्यारेकको लागि आवश्यक आल्मुनियमको ढोका थान-२, झ्याल थान-४ को लागि कुल लागत अनुमान ८२४७६/- अन्यसंघसंस्था सहयोग शिर्षकबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको वैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/०१/११

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत